नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३५४०
फ्याक्स : ०१-४४१४३९१
पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं

नेपाल सरकार गृह मन्त्रालय प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो

# प्रेस विज्ञप्ती-५

## "ठगी सम्बन्धी कसूरमा सम्लग्न व्यक्तिहरू पक्राउ"

**घटनाको छोटकरी विवरण :**

मिति २०७८।०१।०२ गते अन्दाजी राती ११:०० बजेको समयमा जिल्ला बाँके, कोहलपुर न.पा. वडा नं.११ बस्ने बर्ष २१ को सर्जन बि.क.टिप्परमा बालुवा लोड गराउने भनि भे.१०प १७२७ नम्वरको मोटर साइकलमा गई काम सकि घर तर्फ फर्की आउने क्रममा ऐ.ऐ बैजनाथ गाउपालिका वडा नं.६ लालपुरको भित्री सडकमा आई पुगेका बखत बिपरित दिशाबाट टोप बहादुर राना क्षेत्रीले चलाई सम्झनादेखि डिगिया तर्फ जाँदै गरेको भे.१ख २४९१ नम्वरको मिनी बसले ठक्कर दिई घाइते बनाई बाटोमा लडेको अवस्थामा स्थानिय तथा प्रहरीले फेला पारी मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको।

**सवारी ज्यान मुद्दाको हालको अवस्था :**

- मिति २०७८।०१।२७ गते जिल्ला अदालत, बाँकेमा सवारी ज्यान मुद्दा दर्ता
- मिति २०७८।१०।२५ गते फैसला भएको
- सवारी चालक टोप बहादुर राना क्षेत्रीलाई कैद दिन ३० र जरिवाना रु.२,०००/- ठहर भएको
- मोटरसाईकल धनी सरदार अहमद खाँ (बीमा अभिकर्ता) ले सफाई पाएको

**बीमाको रकम दाबी भुक्तानी :**

मृतक सर्जन बि.क.को नाममा गरिएको सावधिक जीवन बीमा र म्यादी जीवन बीमा बापतको दाबी भुक्तानी रकम रु.२,५०,००,०००/- (दुई करोड पचास लाख) मिति २०७८।०४।१४ गते रिलायन्स लाइफ ईन्स्योरेन्स कम्पनिबाट चेक मृतककी श्रीमती सपना मल्लले बुझी लिई आफ्नो कामना सेवा बिकास बैंक कोहलपुरमा रहेको खाता नम्वरमा जम्मा गरेको।

**नेपाल पुर्नबिमा कम्पनी लिमिटेडबाट अनुसन्धानको लागी पत्राचार**

- मिति २०७८।०९।३० गते नेपाल पुनर्बीमा कम्पनी लिमिटेडले मृतक सर्जन बि.क.को सवारी दुर्घटनाबाट भएको मृत्यु शंकास्पद देखिएको र सो दाबी बापत यस कम्पनिले रु. २,४२,००,०००।– भुक्तानी गर्नु पर्ने दायित्व सिर्जना भएको हुँदा उक्त घटनाको सत्य तथ्य विवरणको अनुसन्धान गरी पाँऊ भनि यस केन्द्रीय अनुसन्धान ब्यूरोलाई पत्राचार गरेको।
- Reliance Life Insurance Limited कम्पनीबाट "ठगी सम्बन्धी कसूर" मा अनुसन्धान गरी पाउँ भन्ने व्यहोराको जाहेरी प्राप्त

**समय क्रमानुसारको गतिविधि :**

- **मृतकको खाता खोलेको**: मिति २०७७।११।०५ कामना सेवा बिकास बैंक
- **सपना मल्लको खाता खोलेको**: मिति २०७७।११।१२ कामना सेवा बिकास बैंक (दुबै जनाको खाता संजिबले खोलिदीएको)
- **जीवन बीमा**: मिति २०७७।११।२८ (ईच्छाएको व्यक्ति सपना मल्ल)
- **प्रथम शुल्क तिरेको**: मिति २०७७।११।२८
- **विवाह दर्ता**: मिति २०७७।१२।०२ गते
- **दुर्घटना मिति**: २०७८।०१।०२
- **बीमा भुक्तानी**: मिति २०७८।०४।१४

**जीवन बीमा (Life Insurance) :**

- सवाधिक जीवन बीमा - रिलाइन्स लाइफ इन्सुरेन्स कम्पनी, कोहलपुरमा मिति २०७७।११।२८ गते (रु.१,२०,००,०००/-) को र रु.७०,००,००० को Accidental Death Benefit (ADB) बीमा करार तथा सोही रकम बराबरको Permanent Total Disability Premium Waiver Benefit (PTDPWB) अवधि २५ बर्ष
- म्यादी जीवन बीमा - मिति २०७७।११।२८ गते ५ बर्ष अवधिको रु. ३०,००,०००/- को म्यादी जीवन बीमा रु.३०,००,००० को Accidental Death Benefit (ADB) बीमा करार तथा सोही रकम बराबरको Permanent Total Disability Premium Waiver Benefit(PTDPWB) करार रहेको
- **ईच्छाइएको व्यक्ति** – सर्जन बि.क.को श्रीमती भनिएकी सपना मल्ल
- **बीमाकर्ता** - सरदार अहमद खाँ (मृतक सर्जन बि.क.ले चलाएको भे.१०प १७२७ नम्वरको मोटर साइकल धनी)
- **बीमाको प्रथम शुल्क भुक्तानी गर्ने** - सन्जीब अर्याल रु.५,४०,०००/- (पाँच लाख चालीस हजार)

**सपना मल्लको खातामा आएको रु. २,५०,००,००० रकमको बाँडफाँड :**

- **सन्जीब अर्याल** - रु.८०,३६,०००/- (असी लाख छत्तीस हजार)
- **दिपक के.सी** - रु.६०,००,०००/- (साठी लाख)
- **छबि कुमारी खत्री (सपना मल्लको आमा)** - रु.१७,४६,०००/- (सत्र लाख छयालीस हजार)
- **सपना मल्ल** - रु.८६,८९,०००/- (छयासी लाख उनान्नब्बे हजार)
- **ATM Card** - रु.३,०३,५००/- (तीन लाख तीन हजार पाँच सय)
- **POS** - रु.२,६९,९८०/- (दुई लाख उनान्न सत्तरी हजार नौ सय असी)
- **Balance Recharge** - रु.५,३१६/५० (पाँच हजार तीन सय सोह्र पचास पैसा)

**अनुसन्धान गर्नुपर्ने शंकास्पद आधारहरु:**

- **सर्जन बि.क.को आर्थिक अवस्थाको अध्ययन** - पेशा र बार्षीक आयको रकमले बीमाको शुल्क रु.५,४०,०००/- तिर्न नसक्ने(KYCमा बार्षिक आम्दानी समेत रु.२,००,०००/- भनि स्वघोषणा)
- बार्षिक आयको अधिकत्तम ४० प्रतिशत सम्मको मात्र बीमा गर्न सक्ने प्रावधान अनुरुप नरहेको
- मृतकले सावधिक र म्यादी जीवन बीमा (ठुलो रकमको बीमा) गर्नुपर्ने अन्य कारण र आधार नदेखिएको
- मृतक र सपना मल्ल श्रीमान श्रीमती भनिएता पनि सम्पर्कमा रहेको नदेखिएको
- सपना मल्ल र सन्जीव अर्याल बिच घटना अगाडि देखि पैसा बाँडफाँड भएको समय सम्ममा निरन्तर सम्पर्क रहेको
- मृतकको प्रथम बीमा शुल्क रु.५,४०,०००/- सन्जीव अर्यालले तिरिदिएको
- बीमा अभिकर्ता सरदार अहमद खाँ सँग समेत घटना अघि देखि नै निरन्तर सम्पर्कमा रहेको
- दुर्घटनामा अभिकर्ता सरदार अहमद खाँ कै बाईक प्रयोग भएको
- सपना मल्ल, सन्जीव अर्याल, दुर्घटनामा संलग्न सवारी चालक बीच घटना अगाडि देखि पछि सम्म बराम्बर सम्पर्क,भेटघाट रहेको
- बीमा बापत प्राप्त रकमको बाँडफाँड शंकास्पद रहेको
- घटनाको दिन सन्जीब अर्यालको मृतक, सपना मल्ल, सरदार अहमद खाँ, ड्राइभर टोप बहादुर रानाक्षेत्री सँग सम्पर्क भएको
- सावधिक जीवन बीमा र म्यादी जीवन बीमा दुवैमाAccidental Death Benefit (ADB) करार, कालगतिको मृत्युमा सुविधा नपाउने


**अनुसन्धानमा खुलेका तथ्यहरु :**

- आरती भन्ने ललिता कुमारी सापकोटाले सपना मल्ल र सन्जीब अर्याललाई भेट गराइदिएको
- सपना मल्ललाई डिपेन्डेन्ट भिषामा अष्ट्रेलिया पठाउने बिषयमा कुरा भएको
- मिति २०७७।०८।२७ गते सपना मल्ल सीप सिक्न काठमाण्डौं आएको
- २०७७।११।२८ गते विवाह दर्ता गर्न भनि गएकोमा मृतकको उमेर नपुगेको, सोही समयमा मृतकसँग सपनाको पहिलो पटक भेट भएको, ऐ चैत्र ०२ गते विवाह दर्ता गरेको
- विवाह दर्ता पछि मृतक र सपना मल्लको भेट नभएको

- सपना मल्लको बैंकमा खाता सन्जीब अर्यालले नै खोली दिई सम्पूर्ण चेक हस्ताक्षर गराई लिएको
- खाता खोल्दा उपलब्ध गराएको फोन नंम्वरको सिम सहित सन्जीब अर्याललले लिएको
- मृतकको दुर्घटना भइ मृत्यू भएको कुरा सपनालाई सन्जीब अर्याललले बताएको
- सपना मल्ल मृत्यू संस्कारमा सहभागी नभएको
- बीमाको भुक्तानीको सबै काम सन्जीब अर्याल र दिपक केसीले गरेको सपना मल्ललाई धैरे कुरा थाहा नभएको

**पक्राउ परेका व्यक्तिहरु**

१. नाम: **सपना मल्ल**



**उमेर : २१ वर्ष**

**बुबा :** दुर्गा बहादुर मल्ल


वतन : जिल्ला बाँके, कोहलपुर नगरपालिका वडा नं ०२

**पक्राउ मिती:-** २०७९/०४/०९ गते

**पक्राउ स्थान :** दिल्ली हुँदै जापान जाने क्रममा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट पक्राउ

**कसुर** – मृतकसँग विवाह गरी बीमाबाट प्राप्त रकम २ करोड ५० लाख लिएको

२. नाम : **सन्जीब अर्याल**



**उमेर : ३१ बर्ष**


वतन : जिल्ला स्याङ्जा वालिङ - ६ हाल जिल्ला बाँके, को.न.पा.वडा नं ११

पक्राउ मिति : २०७९/०४/११ गते

पक्राउ स्थान : जिल्ला बाँके,कोहलपुर

**कसुर-** प्रतिवादी सपना मल्ललाई प्रलोभनमा पारी मृतक सर्जन वि.क. सगं विवाह गराउने,दुर्घटना गराई विमा वापत प्राप्त रकमबाट ८० लाख प्राप्त गरेको । सबै आपराधिक लाभ हुने गरी हरेक कृयाकलापमा सहभागी भएको ,मुख्य योजनाकार

३. नाम : **सरदार अहमद खाँ**



**उमेर : ३२ बर्ष**

वतन : जिल्ला बाँके कोहलपुर न.पा. वडा नं १५

बुबा : महताब अलि खाँ

पक्राउ मिति : २०७९/०४/११ गते

पक्राउ स्थान : जिल्ला बाँके,कोहलपुर

**कसुर-** संजिव अर्याल संग पुर्व चिनजान , विमा Agent ,मृतकले चलाएको भे.१०प १७२७ नम्वरको मोटर साइकल धनी

४. नाम : **टोप बहादुर राना क्षेत्री**




**उमेर : ३३ बर्ष**

वतन : जिल्ला बाँके, बैजनाथ गा.पा – ८

बाबु : जित बहादुर राना क्षेत्री

पक्राउ मिति : २०७९/०४/११ गते

पक्राउ स्थान : जिल्ला बाँके,कोहलपुर

**कसूर-** सपना मल्ललाई बिदेश लाने एजेन्ट भनि चिनाईएको व्यक्ती, भे. १ ख २४९१

नम्बरको मिनी बस मालिक तथा चालक, निजले वारदातको समयमा बस चलाई जानुपर्ने स्पस्ट आधार नभएको, दुर्घटना पछि बारम्बार गाडी अगाडी पछाडी गरेको बयानमा खुलाएको । घइतेलाई अस्पताल लैजानुपर्नेमा फरार भएको ।



५. नाम : **दिपक के.सी.**

**उमेर :** ३८ बर्ष


वतन : जिल्ला बाँके कोहलपुर न.पा – ११

बुबा : गोबिन्द बहादुर के.सी.

पक्राउ मिति : २०७९/०४/११ गते

पक्राउ स्थान : जिल्ला बाँके,कोहलपुर

**कसुर-** काठमाण्डौंमा बीमाको भुक्तानी लिन सपना मल्ललाई लिइ आएको, बीमा वापत सपना मल्लले पाएको रकम मध्ये ६० लाख लिएको, पुरानो कर्तब्य ज्यान मुद्दाका अभियुक्त भगाएको भनि अदालतबाट दोषी ठहर



६. नाम : **ललिता सापकोटा**

उपनाम : **आरति**

**उमेर :** २१

वतन : जिल्ला बाँके कोहलपुर न.पा.-१

पक्राउ मिति : २०७९/०४/११ गते

पक्राउ स्थान : जिल्ला बाँके,कोहलपुर

**कसुर-** विहे गरेर विदेश जाँदा फाईदा हुन्छ भनि प्रतिवादी सपना मल्ललाई संजिव अर्याल संग चिनजान तथा भेट गराएको,संजिब अर्यालको (गर्लफ्रेण्ड) भनिएको

**मिति २०७९।०४।१३ गते ।**

**प्रहरी उपरीक्षक**
**(श्याम कुमार महतो)**
**प्रवक्ता एवं सूचना अधिकारी**
**सम्पर्क नम्बर: ९८५१२९१३११**